## अख्तियार दुरुपयोग अनुसन्धान मिति २०८१/१०/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु खिम बहादुर वि.क, सनोज उपाध्याय, नविन थापा, गगन बहादुर कार्की, अम्मर बहादुर गुरुङ र चेलीमाया थापा मु.नं (०७८-CR-०१२२)<br>फैसला मिति २०८०/१०/२५ | सरकारी रकम हिनामिना गरेको। | **आयोगको माग दावी**<br>•**प्रतिवादी खिम बहादुर वि.क.,नवीन थापा र सनोज उपाध्यायलाई** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा विगो रु. २,३९,२८४।१९- (दुई लाख उनन्चालिस हजार दुई सय चौरासी रुपैयाँ उन्नाइस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१ ) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएको विगो रु २,३९,२८४।१९- (दुई लाख उनन्चालिस हजार दुई सय चौरासी रुपैयाँ उन्नाइस पैसा) समेत निज प्रतिवादीहरुबाट ऐ.ऐनको दफा ८ को उपदफा १ बमोजिम नै असुल उपर गरी पाउँन र **उपभोक्ता समितिका अध्यक्ष अम्मर बहादुर गुरुङ, सचिव चेलीमाया थापा र कोषाध्यक्ष गगन बहादुर कार्कीलाई** सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा विगो रु. २,३९,२८४।१९ (अक्षरुपी दुई लाख उनन्चालिस हजार दुई सय चौरासी रुपैयाँ उन्नाइस पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी भएको विगो रु २,३९,२८४।१९ (अक्षरुपी दुई लाख उनन्चालिस हजार दुई सय चौरासी रुपैयाँ उन्नाइस पैसा) निज प्रतिवादीहरुबाट ऐ.ऐनको दफा ८ को उपदफा ४ बमोजिम जफत हुन समेतको मागदावीलिइएको छ।<br><br>**अदालतको फैसला**<br>•विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएकोमा प्रतिवादीहरुलाई आरोपदावी बमोजिमको कसूरबाट सफाई हुने ठहर भई विशेष अदालतबाट फैसला भएको अवस्था छ। | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>•प्रतिवादीहरुले मौका तथा अदालतमा इन्कार रही बयान गरेको।<br>•प्रस्तुत मुद्दामा निज प्रतिवादीहरुले बदनियत राखी गरेको कार्य नभई सदनियतले नै गरेको भन्ने देखिन नआएको।<br>•प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन सक्ने अवस्था नदेखिएको । | •जिल्ला बाग्लुङ काठेखोला गाउँपालिकाका कर्मचारी तथा एक्लेखेतघाट ह्यूमपाईप उपभोक्ता समितिले आ.ब.०७४/०७५ मा कल्भर्ट निर्माण गर्दा झुट्टा विल भरपाई बनाई नभए नगरेको कार्य समेतको भुक्तानी लिने दिने कार्य गरी नेपाल सरकारलाई गैरकानुनी हानि पुऱ्याएको प्रस्तुत मुद्दामा आ.व.२०७४/०७५ मा बाग्लुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ५ र ६ जोड्नका लागि रु.६,८०,०००/- को ह्यूम पाइप राखी योजना सम्पन्न गर्ने मिति २०७५/०२/१८ मा सम्झौता भएको देखिन्छ।प्रतिवादीहरुले उपभोक्ता समितिबाट गरिएको उक्त कार्यमा लागत अनुमान अनुसार को काम नगरी ह्युमपाईप बिछ्याउँदा खोलामा सम्याएर सोलिङ्ग गरिएको र नापी किताबमा PCC (PLAIN CEMENT CONCRETE) below Hume-pipe ०.२ मी.,Hume Pipe माथिको आर.सी.सी. को १२.२०मी. लम्बाई २.५० मी. चौडाई र ०.१५ मी. उचाई राखिएकोमा फिल्डमा लम्बाई १२.४ मी. चौडाई २.३० मी. र औसत उचाई ०.१० मी. रहेको,नापी किताबमा Hume Pipe को बेसमा पनि ०.२० मी. को पिसिसि ढलान राखिएकोमा फिल्डमा सो कार्य भएको देखिदैंन।यसरी नापी किताबमा Hume Pipe को wedges कंक्रिटको ढलान पनि Wedge को माथिल्लो भागमा मात्र ढलान भई तल्लो wedge मा नभएको ढलानको कार्य पनि नापीमा राखिएको,ढलानको कार्यमा ठुला ठुला ढुङ्गा राखिएको, ह्यूमपाईपको बेसमा पिसिसि नगरेको र ह्युमपाईप खोलामा सिधैं राखेको र माटो खन्ने कार्य समेत नभएको देखिन्छ।नापी किताबमा ह्युमपाईपको Wedge मा Concrete ढलान राखिएकोमा फिल्डमा हाल माथिल्लो केही भागमा मात्र उक्त ढलान देखिएको तर तल्लो भागमा Wedge नभएको र सो भएको भागको काम पनि गुणस्तरीय (M१५,१:२:४) नभएको,ग्याबियन जाली सहितको पर्खालमा नापी किताब र फिल्डमा भएका जालीको साईजहरु मिलेको देखिएन भने कतिपय जाली खोलाले बगाएको अवस्थामा भएता पनि नापी किताबमा भन्दा फिल्डमा स्थलगत रुपमा नापजाँच गर्दा कम काम देखिएको र काम समेत गुणस्तरीय नभएको तथ्य मिति २०७५/१०/१६ र मिति २०७६/०७/२५ गतेको स्थलगत प्राविधिक प्रतिवेदन एवं २०७५/०९/२४ को स्थलगत मुचुल्काबाट देखिन्छ भने उक्त प्रतिवेदन गर्ने मेघनाथ रिजाल,देवेन्द्र पाण्डे र सुरेश आचार्यले अदालतमा गरेको बकपत्रबाट समेत प्रतिवेदनको व्यहोरा पुष्टि भएको देखिंदा मिसिल संलग्न तथ्य प्रमाणहरुले प्रतिवादीहरुले नापी अनुसार काम नगरी कम काम गरी बढी भुक्तानी दिए लिएको तथ्य स्थापित भई देखिदा देखिदै उक्त प्रमाणहरुलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटि पूर्ण रहेकोले बदर भागी छ।<br>•प्रतिवादी खिम बहादुर वि.क.ले काठेखोला गाउँपालिका, कार्यालयको प्रशासकीय प्रमुख भई पदीय दायित्व बमोजिम कामकाज जस्तैः बिल, प्रतिवेदन आदि स्वीकृत गर्नु र खर्च गर्नु पर्नेमा निजले सम्झौतामा उल्लेख भए बमोजिम सुपरीवेक्षण गर्न,गुणस्तर कायम गर्न र यथार्थ कार्यको नापजाँचको लागि सम्बन्धित साईट प्राविधिकलाई जिम्मेवारी नतोकि नापि किताबमा सही गरि सहमति जनाई नभए नगरेको कार्यको समेत झुठा बिल भरपाई बनाई/ बनाउन लगाई गलत मूल्याङ्कनमा प्रत्यक्ष सहभागी भएको देखिन्छ भने प्राविधिक कर्मचारी तत्कालिन सब ईञ्जिनियर नवीन थापा र असिस्टेन्ट सब ईञ्जिनियर सनोज उपाध्यायले नापि किताबमा भए बमोजिमको वास्तविक कार्यसम्पादन गराई सो को चेक जाँच गरी मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेमा निजहरुले पदिय जिम्मेवारी बमोजिम सुपरीवेक्षण नगरी र ह्यूम पाईप राख्दा लगत स्टिमेट बमोजिम काम भए नभए एकिन नगरी अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी नगरेको कार्यको समेतको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गलत नापि किताव तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने कार्य गरी रु. २,३९,२८४।१९ हानि नोक्सानी गरी भष्टाचार गरेको मिसिल संलग्न तथ्य प्रमाण समेतबाट पुष्टि भैरहेको अवस्थामा उक्त प्रमाण ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटि पूर्ण हुँदा बदर भागी छ।<br>• उपभोक्ता समितिका अध्यक्ष अम्मर बहादुर गुरुङ, सचिव चेलीमाया थापा र कोषाध्यक्ष गगन बहादुर कार्कीको हकमा बाग्लुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ६ र ७ जोड्नका निर्माण गर्न सम्झौता गरिएको एक्लेखेतघाट ह्युमपाईप निर्माण आयोजनाको सम्झौता बमोजिम ह्यूम पाईप राख्दा गर्नु पर्ने PCC(Plain Cement Concrete) work, stone masonry wall लगायतका लगत इस्टिमेटमा तोकिएका कामहरु गर्नु पर्नेमा सो नगरी नगराई स्थलगत रुपमा नभएको नगरेको कार्यको समेत झुठा बिल भरपाई बनाई बनाउन लगाई भए गरेको कार्य भन्दा बढी नापि कितावमा चढाउन लगाई सोही बमोजिमको भुक्तानी लिने कार्य गरी रु. २,३९,२८४।१९- हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने स्थलगत प्राविधिक प्रतिवेदन एवं स्थलगत मुचुल्का तथा प्रतिवेदकहरु मेघनाथ रिजाल,देवेन्द्र पाण्डे र सुरेश आचार्यले अदालतमा बकपत्र गर्दा स्थलगत प्रतिवेदनमा भएको व्यहोरा र सोमा भएको सहीछाप हामीहरुको हो,नापी कितावमा १३ वटा जाली लगाएको भनि उल्लेख भएकोमा फिल्डमा अनुगमनका समयमा सो भन्दा फरक साइजका ६ वटा जाली मात्र लगाएको देखिएको, Stone masonry wall खोलाले बगाएको भन्ने एकिन विवरण नदेखिएकोले खोलाले बगाएको भन्ने तथ्य पुष्टि भएको देखिएन भनि बकपत्र गरेकोले प्रतिवेदकहरुले अदालत समक्ष गरेको बकपत्र समेतबाट प्रतिवादीहरुको भ्रष्टाचारजन्य कसुर पुष्टि भएको देखिदा उक्त प्रमाणलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम उक्त बकपत्रलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गर्नुपर्नेमा उल्लिखित मिसिल संलग्न प्रमाणहरु मुल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट प्रतिवादीहरु खिम बहादुर वि.क.समेतलाई आरोप मागदावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |